म्याग्दे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तनहुँ
गण्डकी प्रदेश, नेपाल

( प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०२/१८ )
(आ.व. २०८०/०८१ को आन्तरिक आय )

नदीजन्य तथा निजी जग्गा वाट नियमानुसार उत्खनन् भएका पदार्थको स्रोत पुष्टि सहित मौज्दात प्रमाणीत सम्वन्धी सूचना !

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था / ढुङ्गा गिटी वालुवा उत्खनन् तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को दफा ३ को उपदफा १ को (ग) उपदफा (२) / दफा ७ को उपदफा (६) मा भएको व्यवस्था / मापदण्डको दफा २० ले दिएको अधिकार अर्न्तगत वनेको म्याग्दे गाउँपालिकाको नदीजन्य पदार्थ तथा नीजि जग्गा वाट उत्खनन् हुने पदार्थहरुको मौज्दात प्रमाणीत सम्वन्धी निर्देशिका २०८१ मा भएको व्यवस्था / जिल्ला समन्वय समिति तनहुँ को मिति २०८०।११।२१ च.न. ४१८ को पत्र तथा २०८०।११।१८ को नदीजन्य तथा खानीजन्य पदार्थको जिल्ला अनुगमन समितिको वैठकको निर्णय न. ३ मा उल्लेखीत व्यवस्था तथा निर्देशन / जिल्ला प्रशासन कार्यालय तनहुँ मा वसेको कार्यालय प्रमुख को मिति २०८०।१२।०२ को निर्णय न. ३ सगै मिति २०८०।१२।०४ को च.न. ४०६४ को पत्रको निर्देशन /गाउँकार्यपालिका को मिति २०८१।०२।१७ को निर्णय/ ठेक्का सम्झौता तथा अनुमती प्रदान गरेका अवस्थाका शर्तहरु / आदी लाई मध्येनजर गरी चालु आर्थिक वर्ष ०८०।०८१ मा गाउँपालिका वाट ठेक्का सम्झौता, अमानत अनुमती, निजी जग्गा अनुमती लिई उत्खनन् सगै विकी हुन नसकी वाकी रहेका मालसामानहरु जुन म्याग्दे गाउँपालिकाको भौगोलीक क्षेत्र भित्र स्टक रहेकाको हकमा नियमानुसार स्रोत पुष्टि सहित मौज्दात (स्टक) प्रमाणीत को लागी तपशिल बमोजिमका आधार प्रमाण सहित तपशिल बमोजिमको फर्मेटमा भरी यही मिति २०८१।०२।३२ गते भित्र ( जेष्ठ मसान्त) निवेदन पेश गर्नुहुन यसै सूचना मार्फत जानकारी गरिन्छ । पुनश्च ढुङ्गा गिटी, वालुवा उत्खनन् विकी तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को पहिलो शंशोधन २०७९ को दफा ४ को उपदफा १६ मा उल्लेखीत प्रावधान अनुसार असार देखी भाद्र सम्म सवै किसिमका उत्खनन् कार्यहरु वन्द गर्नुपर्ने व्यवस्था वमोजिम यही २०८१।०२।३२ देखी २०८१ भाद्र मसान्त सम्म कसैले पनी नदीजन्य पदार्थहरु उत्खनन् नगर्नुहुन तथा यस अगाडी प्रदान गरेको अनुमती अवधी समेत स्वतह समाप्त हुनेहुदा सोही अनुसार गर्नुगराउनुहुन सरोकार सवै लाई यसै सूचना मार्फत जानकारी सगै निषेधित समयमा र अनुमती विना गैह्रकानुनी रुपमा उत्खनन् गरेमा नियमानुसार कडा कारवाही हुने व्यहोरा समेत सूचित गरिन्छ ।

**(क) निवेदन सगै तपशिल बमोजिमको विवरण फर्मेट**

| सि. नं. | नदीको नाम/घाटको नाम/निजी जग्गाको नाम | स्टक रहेको स्थान( वडा न. , टोल, जग्गाको सीट न. कित्ता न | ठेक्का , अमानत, निजी जग्गा अर्न्तगत अनुमती लिएको मालको परिणाम | २०८१,जेष्ठ अन्तिम सम्म विकी भएको परिणाम | २०८१ जेष्ठ अन्तिममा स्टक प्रमाणीतको लागी दावी गरिएको मौज्दात रहेको परिणाम |
|---|---|---|---|---|---|
| | | | | | |

**(ख) पेश गर्नुपर्ने तपशिल ( आधार प्रमाण तथा कागजातहरु )**

१, मापदण्डको अनुसचि २ ( ख) वमोजिम वा ठेक्का सम्झौताको शर्तहरु पालना गरेको विवरण तथा कागजातहरु ।
२, मापदण्डको दफा ६ तथा अनुसुचि ४ (क) अनुसार को दैनिक उत्खनन् अभिलेख /अनुसचि ४(ख) वमोजिमको दैनिक पटके विकी वा ढुवानी अभिलेख तेरीज र घाट गद्दी विवरण

२०८१/०२/१८
... प्रसाद अधिकारी
... अधिकृत

३, निवेदन सगै विकी तथा अन्यत्र प्रयोग हुननसकी बाकी रहेको मालसामानको स्टक (मौज्दात ) को स्पष्ट विवरण खुल्ने तथा स्रोत पुट्याईहुने कागजातहरु ।
४, मालसामान स्टक राखीएको आफ्नो हकभोग भएको जग्गाको लालपुर्जा वा अरु कसैको भाडामा लिएको भए भाडा सम्झौता सगै लालपुर्जाको प्रतिलिपि कागजातहरु ।
५, ठेक्काको हकमा ठेक्का सम्झौता र कार्यदेश / निजी जग्गा उत्खनन्को हकमा अनुमती पत्र र राजश्व तिरेको रसिद/ अमानतको हकमा अमानत आदेशको पत्र र राजश्व बुझाएको रसिद ।
६, गाउँपालिका प्राविधिक बाट स्रोत पुष्टि सहित मालसामानको फिल्ड प्रतिवेदन भेरीफाई गरेको कागजात ।

**(ग) नोटः–** गाउँपालिकाको निर्णय तथा प्रचलीत कानुन र यसरी प्रकाशित भएको सूचना लाई अटेरी गरी समयमा नै स्टक प्रमाणीत नगरेमा/ स्टक प्रमाणीत नभएको मालसामान उपर हकदावी गरेमा / स्टक प्रमाणीत नभएको मालसामान स्वत अवैधानीक हुने हुदा गाउँपालिका बाट जफत गरी मापदण्डको दफा ९ को उपदफा १० बमोजिम लिलाम विकी गरिने/ नदी किनार, वन वा सार्वजनिक क्षेत्रमा स्टक गरेको मालसामान, मापदण्डको दफा ७ को उपदफा ५ बमोजिम जफत सगै आर्थिक वर्षको अन्त्यमा लिलाम विकी गरिनेछ । साथै यस सम्बन्धि विस्तृत जानकारी यस कार्यालयको फेसवुक पेज, सुचना पाटी र website http://myagdemun.gov.np मा हेर्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत